📜 **२० वर्षको दृष्टि पत्र (20 Year’s Vision Paper)**

**संघीय संसद (प्रतिनिधि सभा) निर्वाचन**

**रुकुम पश्चिम जिल्ला**

**“स्रोत–साधनमा आधारित समृद्ध रुकुम पश्चिम, आत्मनिर्भर नेपाल”**

---

## भूमिका (Introduction)

रुकुम पश्चिम प्राकृतिक स्रोत, ऐतिहासिक पहिचान र रणनीतिक पूर्वाधारको दृष्टिले नेपालको एक अत्यन्तै सम्भावनायुक्त जिल्ला हो। सानिभेरी र ठूलीभेरी नदी, सल्ले र चौरजहारी विमानस्थल, मध्यपहाडी लोकमार्ग, भेरी करिडोर, राप्ती लोकमार्ग, मध्य पहाडी लोकमार्ग अन्तर्गत पर्ने १० वटा मध्यको एक सहर चौरजहारी तथा धार्मिक–सांस्कृतिक  सम्पदाहरू पश्चिम नेपालको सुप्रसिद्ध डिग्रे साइकुमारी मन्दिर स्यार्पु ताल झार मारे साइकुमारी काँडादह सिस्ने हिमाल चित्रीपाटन पर्यटन प्रवर्धन  साख दह ठुली दह गौतमहरूको उत्पत्तिस्थल गोदामकोट जन्ती बस्ने लेख मौराखारा  ठुलाकोट दरबार लगायत थुप्रै  पर्यटकीय सम्भावना भएका धरोहरहरूले रुकुम पश्चिमलाई राष्ट्रिय विकासको केन्द्र बनाउन सक्छन्। म संघीय संसदमा पुगेर **यी सम्भावनालाई योजनाबद्ध रूपमा राष्ट्रिय प्राथमिकतामा रूपान्तरण गर्ने प्रतिबद्धता** व्यक्त गर्दछु।

---

## हाम्रो दृष्टिकोण (Vision)

✓ स्रोत–साधनमा आधारित दिगो विकास
✓ कृषि, पर्यटन र पूर्वाधारको एकीकृत मोडल
✓ रोजगारीसहितको आर्थिक समृद्धि
✓ सुशासन, पारदर्शिता र सामाजिक न्याय

✔ आत्मनिर्भर स्थानीय अर्थतन्त्र
✔ समावेशी र न्यायपूर्ण समाज
✔ गुणस्तरीय शिक्षा र स्वास्थ्य

**१. शिक्षा तथा खेलकुद** (Education and sports) 🎓

**स्कुलमा राजनीतिक गतिविधि पूर्णरूपमा निषेध गर्दै सबै शैक्षिक संस्थाहरूलाई अध्ययन अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने, शिक्षकहरूको तलब सबैभन्दा बढी बनाउँदै सम्मानित पेशाको रुपमा समाजमा स्थापित गर्ने**

- **प्रत्येक स्थानीय तहमा नमुना गुणस्तरीय विद्यालय आवासीय सुविधासहित खेलकुद ल्याब दक्ष शिक्षक व्यवस्था गर्ने**
- **प्राविधिक तथा व्यावसायिक शिक्षा**
- **दलित, महिला, विपन्नका लागि छात्रवृत्ति**
- **शिक्षक तालिम र डिजिटल शिक्षा**
- **रुकुम पश्चिमका हरेक पालिकाहरूमा सुविधा सम्पन्न फुटबल भलिबल र क्रिकेट रङ्गशाला निर्माण गरिने**

---

**२. स्वास्थ्य** (Health) 🏥

**सबै स्वास्थ्य केन्द्रहरूलाई अनुसन्धान केन्द्रको रूपमा स्थापित गर्ने**

- **जिल्ला अस्पतालमा विशेषज्ञ सेवा सुविधासहित स्तरोन्नति गर्ने**
- **चौरजहारी मिसन अस्पताललाई  स्तरउन्नति गर्ने**
- **आठबिस्कोट नगर अस्पताललाई विशेषज्ञ सेवासहित स्तरउन्नति गर्ने**
- **गर्भवती, अपांग र जेष्ठ नागरिक निःशुल्क सेवा**

---

**३. रुकुम पश्चिम: राष्ट्रिय सम्भावनाको केन्द्र**

**३.१ नदी र जलस्रोत विकास**

- **सानिभेरी र ठूलीभेरी नदी** जलविद्युत उत्पादन गर्न अध्ययन सुरु गर्ने

- स्यार्पु तालबाट हाइड्रोजन र विद्युत उत्पादन गर्न अध्ययन सुरु गर्ने
- जलीगाड विद्युत उत्पादनलाई तीव्रतर गति दिन पहल गर्ने
- लघु तथा मध्यम जलविद्युत आयोजना
- सुरक्षित खानेपानी र सिँचाइ (खानेपानी नपुगेको ठाउँहरूमा खानेपानी ुऱ्याउन पहल गरिनेछ कृषियोग्य जमिनमा सिँचाइको सुविधा पुर्याउन पहल गरिनेछ)
- नदी किनार कृषि करिडोर
- जलपर्यटन सम्भावना अध्ययन

---

### ३.२ हवाई पहुँच र क्षेत्रीय विकास ✈️

- **सल्ले विमानस्थल** विस्तार र नियमित उडान
- **चौरजारी विमानस्थललाई स्तरोन्नति गरिनुपर्ने।**
- हवाई सेवामार्फत पर्यटन र स्वास्थ्य सहज बनाउने

---

### ३.३ रणनीतिक सडक पुल र करिडोर विकास

**रुकुम पश्चिमको सडक गुरु योजना मार्फत**

- **भारत नेपाल र चीनलाई जोड्ने भेरी करिडोर**लाई पर्यटन मार्फत आर्थिक करिडोरको रूपमा विकास **तथा विस्तारमा** द्रुत्तर गति दिइनेछ नदुवादेखि आठबिस्कोट नगरपालिका वडा नम्बर ३ खदी र पाटागाउँ -आठबिस्कोट नगरपालिका वडा नं २ स्याला र पहाडा -आठबिस्कोट नगरपालिका वडा नम्बर १ रोकाजा -ओकले -फिलिङ्गे -डाँडागाउँ -गोतामकोट हुँदै भेरी करिडोरमा जोड्ने जोड्ने मुख्य पक्की सडक स्तरोन्नति र ऐतिहासिक पर्यटन मार्गको रूपमा विकास तथा विस्तार गर्न पहल गर्ने ((नदुवा -झारमारे- स्यालाखदी- गोतामकोट राप्ती लोकमार्ग विस्तार द्रुत्तर गति दिइनेछ)
- मध्य पहाडी सडक अन्तर्गत पर्ने चौरजारी जाजरकोटको पुल द्रुतत गतिमा निर्माण गर्न पहल गरिने
- मध्य पहाडी राजमार्गको वैकल्पिक मार्गको रूपमा रहेको मुसिकोट- सल्ले-कैलदेऊ- छिङ हुँदै रुकुमकोट जोड्ने पक्की सडक विकास तथा विस्तारमा पहल गर्ने
- छिनखेत – कुनाखेत- लागिम हुँदै रुकुमकोट जोड्ने पक्की सडक विकास र विस्तार गर्न पहल गर्ने
- रिमना- मेगा-बलिबाङ हुँदै सिम्ली जोड्ने पक्की सडक निर्माण तथा विस्तारमा पहल गर्ने

- झुल्नेटा- नुवाकोडाँडा जोड्ने पक्की सडक विस्तार  पहल गर्ने
- बैरागी ठाँटी -पेउघा- नुवाकोट डाँडा-साक्चा- खोलागाउँ  हुँदै चौरजारी जोड्ने पक्की सडक निर्माण विस्तारमा पहल गर्ने
- नुवाकोट डाँडा- नाउली- भदाले खोला- सिलिङ्गी हुँदै खोलागाउँ जोड्ने कृषि सडक विकास तथा विस्तार गर्ने
- नुवाकोट डाँडा सेतीपोखरी तिमीले हुँदै कोटजहारी जोड्ने सडक खण्ड विकास तथा विस्तार गर्ने
- चाँफा- झुल्खेत हुँदै  मुसिकोट नगरपालिका वडा नं १० को मुख्य पकी सडक निर्माण तथा पहल गर्ने
- हालको मध्य पहाडी मार्गसँगै वैकल्पिक मध्य पहाडी तथा उच्च पहाडी मार्गलाई रुकुम हुँदै अगाडि विस्तार गरिनुपर्ने
- **रिमनामा त्रिकोणात्मक झुलुङ्गे पुल निर्माण गर्ने**
- **डिग्रे शाही कुमारी मन्दिर पुग्ने दुवै साइडको सडक पक्की गर्ने**
- **रिमनामा पक्की पुल निर्माण गर्ने**
- **प्रत्येक स्थानीय निकायमा ठूला ठूला पार्कहरू निर्माण गरिनेछ।**
- **रुकुम पश्चिममा भएका ठूला तथा साना सहरहरू केन्द्रित सार्वजनिक शौचालयहरू निर्माण गरिनेछ।**
- **विद्युतीय सवारी साधनलाई प्राथमिकता दिइनेछ**
- गाउँ–बस्ती जोड्ने सबै **मौसममा चल्ने सडक**

---

### ४. सूचना सञ्चार तथा प्रविधि

- जिल्लाका हरेक ग्रामीण सहरहरूमा तीव्र गतिको इन्टरनेट विस्तार गरिनेछ।
- विद्युत नपुगेका ठाउँहरूमा विद्युत विस्तार गरिनेछ
- टेलिकमका टावरहरू तीव्रतर गतिमा निर्माण गरिनेछ।
- सम्पूर्ण सरकारी सेवाहरूलाई अनलाइन प्रणालीमा लगेर पारदर्शी बनाइनेछ।

### ५. जलवायु, वातावरण, कृषि तथा कृषि भूमि करिडोर विकास

**जिल्लाभरिको कृषि योजना तयार पारी नमुना एकीकृत कृषि आयोजनाहरू सुरु गर्ने**

**रुकुम पश्चिममा हुने मुख्य उत्पादनहरू प्याज मुला रायको बिउ उत्पादन स्याउ सुन्तला किबी  कफी कपास कार्यक्रमअदुवा टिमुर बेसार अलैची ओखर दुध उत्पादन यार्सा गुम्बा लगायत धेरै जडीबुटीहरूको राम्रो सम्भावना भएको**

- कृषि औषधीय तथा औद्योगिक प्रयोजनका लागि कडा नियमनसहित गाँजा खेती र उपयोगको नीति बनाउन पहल गरिनेछ
- किसानको उत्पादन बजारसम्म पुऱ्याउन कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ
- नदी किनार **करिडोर विकास कार्यक्रम**
- व्यावसायिक फलफूल, तरकारी, पशुपालन
- किसानलाई बजार र भण्डारण सुविधा
- **व्यावसायिक कृषि र पशुपालन प्रवर्द्धन**
- **मल, बीउ, प्रविधि र बजार पहुँच**
- **किसानका लागि सहुलियत ऋण**
- **कृषि उत्पादनमा आधारित उद्योग स्थापना**
- **जलवायु परिवर्तन नियन्त्रण सम्बन्धी कडा कदम चालिनेछ**
- **जिल्लामा रहेका  ठूला तथा साना बजारहरूमा ढल व्यवस्थापन अनिवार्य गरिनेछ।**
- **जिल्लाभरिको फोहोर व्यवस्थापन केन्द्र बनाई "फोहोरबाट मोहोर" भन्ने नीति लागू गरिनेछ।**

👉 **लक्ष्य: किसानको आम्दानी दोब्बर बनाउने**

👉 **रुकुम पश्चिमलाई कर्णालीको कृषि केन्द्र बनाउने**

---

**६. पर्यटन, ताल, पदयात्रा पहिचान तथा प्रवर्द्धन** 🏞️

**प्राकृतिक पर्यटन:**

- **ठूली दह, शंख दह, स्यार्पु काललाई वैज्ञानिक अध्ययनका आधारमा पर्यटकीय हबका रूपमा विकास गर्ने**
- होमस्टे **र ग्रामीण पर्यटन**, रिसोर्ट र वातावरणमैत्री पूर्वाधार तथा सम्भाव्य स्थानहरूमा होमस्टे सहित अन्य पर्यटन पूर्वाधारहरूको विकास गर्ने

- पर्यटन क्षेत्रका लागि दक्ष, प्रशिक्षित र स्थानीय जनशक्ति उत्पादन गर्ने ।
- **युवा गाइड तालिम** पर्यटन व्यवसाय प्रवर्द्धनका लागि व्यवसायीमैत्री नीति, सहुलियत र प्रोत्साहनको व्यवस्था गर्ने
- **ऐतिहासिक स्थल संरक्षण,स्थानीय कला, भाषा र संस्कृतिको प्रवर्द्धन**

**ट्रेकिङ र साहसिक पर्यटन:**

- सिस्ने राउन्ड पदमार्गको व्यवस्थित निर्माण तथा प्रवर्द्धन गर्ने
- पहाडी **ट्रेकिङ रुटहरू** पहिचान र प्रवर्द्धन
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटक लक्षित प्याकेज

---

### ७. धार्मिक, ऐतिहासिक र सांस्कृतिक धरोहर 🛕

- धार्मिक पर्यटन सर्किट गुरु योजना मार्फत
- रिमनालाई पश्चिम नेपालको एक प्रसिद्ध धार्मिक स्थल धामको रुपमा विकास गर्ने
- **डिग्रे साइकुमारी मन्दिर** धार्मिक पर्यटन प्रवर्द्धन र विकास गर्ने
- **गोतमकोट** — गौतम वंशको ऐतिहासिक उत्पत्ति स्थल पर्यटन प्रवर्द्धन र विकास गर्ने
- ठुलाकोट दरबारलाई संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्ने
- स्थानीय संस्कृति (मयुर नाच, सिँगारु, टप्पा नाच तथा लोक संस्कृति) भाषा र परम्पराको संरक्षण

---

### ८. स्मार्ट सिटी र ग्रामीण शहरी विकास 🏙️

**एकीकृत विकासको मोडल अवलम्बन गरिनेछ**

- **मध्यपहाडी लोकमार्ग**सँग जोडिएको चौरजहारीमा निर्माणाधीन नयाँ सहर आयोजनालाई
  👉 **एक आधुनिक "स्मार्ट सिटी"** तीव्रतर **विकास तथा विस्तार**
- रुकुम जिल्लाभित्र रहेका ग्रामीण बस्ती (राडी, छिन्खेत, सिमली, सिमृतु, सोलाबाङ, झुल्नेटा, चौफा ) हरूलाई ग्रामीण  सहरका रूपमा विकास गरिनेछ आधुनिक शिक्षा, स्वास्थ्य, बजार र आवास
- डिजिटल सेवा, हरित प्रविधि

---

## ९. युवा, रोजगारी र उद्यमशीलता 👩‍💼 👨‍💼

- पर्यटन, कृषि, निर्माणमा स्थानीय रोजगारी
- सीपमूलक तालिम केन्द्र
- वैदेशिक रोजगारीबाट फर्केका युवाका लागि लगानी कोष
- स्टार्टअप र सहकारी मोडल
- **युवा उद्यमशीलता कोष**
- **स्वदेशमै रोजगारी सिर्जना**

## १०. महिला, बालबालिका, दलित र समावेशी विकास 🤝

- **महिला उद्यमशीलता कार्यक्रम**
- **दलित सशक्तिकरण र आरक्षण कार्यान्वयन**
- **अपांगमैत्री नीति**
- **लैंगिक हिंसाविरुद्ध कडा नीति**
- **बालबालिकाको श्रम शोषण विरुद्ध जनचेतना अभियान सुरु गरिनेछ**
- **टुहुरा तथा सडक बालबालिकाको राज्यले सम्पूर्ण जिम्मा लिँदै उनीहरूको व्यवस्थापन गर्न पहल गरिनेछ**
- **सहिद परिवार घाइते अपाङ्ग जेष्ठ नागरिक एकल महिला दलित आदिवासी जनजाति विपन्न वर्ग समुदायका लागि विशेष व्यवस्था गरिनेछ**

---

## ११. विपत् व्यवस्थापन सम्बन्धी तयारी

- खाना बैंक (Food Bank)
- कपडा बैंक (Clothes Bank)
- सबै स्थानीय निकायहरूमा स्वयंसेवकहरू तयार गरी तालिम प्रदान गरिनेछ
- विपत सम्बन्धी आवश्यक सामग्रीहरू तयारी राखिनेछ

- जिल्लाभरि निर्माण गरिने घरहरू भूकम्प प्रतिरोधी बनाउन तालिम प्रदान गरिने छ।
- जोखिममा रहेका बस्तीहरू मा जनचेतना जगाउँदै बस्ती स्थान्तरण सम्बन्धी पहल गरिनेछ

**१२. लागू औसत तथा दुर्वेशनी**

लागू औसत तथा दुर्वेशन सम्बन्धी जनचेतना अभियान सुरु गरिनेछ।

**१३. संघीय संसदमा मेरो भूमिका**

- रुकुम पश्चिमका **रणनीतिक परियोजना राष्ट्रिय बजेटमा सुनिश्चित**
- नीति, कानुन र लगानीमैत्री वातावरण निर्माण
- संघ–प्रदेश–स्थानीय तहबीच प्रभावकारी समन्वय
- जनतासँग प्रत्यक्ष संवाद र वार्षिक प्रतिवेदन

---

**१४. सुशासन र पारदर्शिता**

- भ्रष्टाचारमा शून्य सहनशीलता
- विकास आयोजनामा सार्वजनिक अनुगमन
- डिजिटल पारदर्शिता प्रणाली
- जनउत्तरदायी नेतृत्व

---

## १५. ✍️ अन्तिम अपिल

आदरणीय मतदाता महानुभावहरू,
अब परिवर्तन नारामा होइन, **योजनामा** हुनुपर्छ।

रुकुम पश्चिमलाई **पिछडिएको होइन, सम्भावनाको जिल्ला** बनाउनेछु।
प्राकृतिक स्रोत, संस्कृति र जनशक्तिलाई राष्ट्र निर्माणमा जोड्नेछु।

### रुकुम पश्चिमको भविष्य तपाईंको हातमा छ

जनताको सेवक बनेर इमानदारीपूर्वक काम गर्नेछु
रुकुम पश्चिमको उज्यालो भविष्यका लागि तपाईंको **अमूल्य मत र** समर्थनको अपेक्षा गर्दछु।
**धन्यवाद।**

**जय घन्टी**

**जय देश**